गाउँटोलमा खानेपानी छुटला है ! । पृष्ठ ५ मा


# विकास

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com





● मकवानपुर, वर्ष-१५, ● अंक-३१ ● २०७९ फागुन ०१ गते सोमबार, ● 13 Feb. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


## छोटोमार्ग २ महिना सडक बन्द



◆ विकास संवाददाता

प्रदेशको राजधानी हेटौंडाबाट देशको राजधानी काठमाडौं प्रवेश गर्ने छोटो नाकाका रूपमा रहेको हेटौंडा-भीमफेदी-फाखेल-काठमाडौं सडक मर्मतका लागि करिब २ महिना सडक बन्द गरिने भएको छ । उक्त समय हेटौंडाबाट काठमाडौं जाूदा कुलेखानी-चित्लाङ सडक तथा फर्कंदा कान्तिलोकपथ सडक प्रयोग गर्ने गरी मर्मतको काम हुने भएको हो । निर्माणाधीन कान्ति लोकपथको ट्र्याक सेनाले २०13 सालमा नै खोलेको हो ।

ट्र्याक खोल्न सेनालाई ३ वर्ष लागेको थियो । फागुन १ गतेदेखि हेटौंडाबाट काठमाडौं जान हेटौंडा-कुलेखानी-चित्लाङ, थानकोट हुदै एकतर्फी यातायात (सानागाडी) सेवा प्रदान गर्ने र काठमाडौंबाट हेटौंडा आउन कान्तिलोकपथ हुँदै एकतर्फी सेवा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय काठमाडौं, ललितपुर र मकवानपुरलाई अनुरोध गर्ने निर्णय भएको छ । भीमफेदी-कुलेखानी सडक बन्द भएपछि हेटौंडाबाट काठमाडौ आउजाउमा त्रिभुवन राजपथ, कान्तिलोकपथ वा पृथ्वी राजमार्ग प्रयोग गर्नुपर्ने हुन्छ । हेटौंडा-काठमाडौं जोड्ने विभिन्न सडकमार्गको निर्माण र स्तरोन्नति तथा अन्य समस्या समाधानका उपायका सम्बन्धमा सम्बन्धित सरोकारवाला निकाय तथा निर्माण व्यवसायीसँग जिल्ला प्रशासन कार्यालय मकवानपुरमा भएको बैठकले यस्तो निर्णय लिएको हो । बैठकले निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न/द्रुतगतिमा गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिएको छ ।

हेटौंडामा मुख्यमन्त्री शालिकराम जम्कट्टेलको नेतृत्वमा भएको सर्वपक्षीय छलफलले फागुन १ बाट फाखेलको सडक मर्मतका लागि बन्द गर्ने निर्णय गरेको हो । बैठकमा मुख्यमन्त्री जम्कट्टेलले काम नगर्ने मनासय बोकेका ठेकेदार लाई अब समय थप नहुने बताए । काम गर्दैजाँदा समय नभएर ढिला भएको भए समय थप गर्न सकिने तर काम नगरी समय थप माग गर्ने ठेकेदारहरूलाई समय थप गर्न नसकिने उनले बताए । मुख्यमन्त्री जम्कट्टेलले देशको राजधानी काठमाडौंबाट प्रदेशको राजधानी जोड्ने सडकको काम २ महिनाभित्र सक्न निर्देशन दिए ।

## रासायनिक मल नपाउँदा
# थाहानगरका कृषक चिन्तित

विकास संवाददाता
थाहानगर




पर्याप्त रासायनिक मल नपाउँदा थाहानगरका कृषकहरू चिन्तित छन् । बेमौसमी तरकारी खेतीको लागि पहिचान बनाएको थाहानगरका कृषकहरू जसोतसो खेती गरिएपनि मल अभावले उत्पादन नहुने भएपछि चिन्तित भएका हुन् । 'खेती त जसोतसो गरि एला तर मल नै पाइँदैन । मल पाइहाले पनि दोब्बरभन्दा बढी मूल्य तिर्नुपर्छ'-थाहा ३ का कृषक सरोज कार्कीले दुखेसो पोखे । उनी जस्तै थाहा नगरलगायत मकवानपुर जिल्लाका अधिकांश किसानले रासायनिक मल नपाउँदा हैरान भएका छन् । रासायनिक मल नहाली तरकारी उत्पादन नहुने हुनाले किसानहरू खेती लगाउने कि नलगाउने दोधारमा परेका छन् । यतिबेला थाहाका किसानलाई आलु, काउली, बन्दा अन्य बालीका लागि ठूलो परिमाणमा रासायनिक मल आवश्यक छ ।

'दिनभरि लाइनमा बस्यो १० किलो रासायनिक मलका पाईन्छ । हामीलाई कम्तीमा चार बोरा मल चाहिएको छ', कृषक बिजय अधिकारीले भने । बिगत २ वर्षदेखि रासायनिक मलको अभाव भएकोले कृषकहरूले सोचेजति उत्पादन लिन सकेका छैनन् । किसानले समयमै मल, बीउबिजन, कृषि औजार तथा उपकरणसमेत नपाउने अवस्था छ । खेतीको समयमा मल तथा बीउ अभाव सामान्य भइसकेको छ । रासायनिक मल किन्न बिहानैदेखि सहकारी संस्था कुरेर बस्नुपर्ने किसानको दैनिकी नै बनेको छ । सरकारले समयमै आपूर्ति व्यवस्थालाई सहज बनाउन ध्यान नदिंदा किसान मारमा परेका छन् । खेतीबारीमा व्यस्त हुने किसान दिनभर मलको खोजीमा भौंतारिरहन परेको छ ।

थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर बिष्टले थाहा नगरमा एकै सिजनमा तीन पटकसम्म तरकारी उत्पादन हुने भएकोले प्रदेश सरकारले निर्धारण गरेको कोटाले मात्रै नपुग्ने हुँदा मलको बितरण प्रणालीलाई पुनः बिचार गर्नुपर्ने बताए । उनले थाहा नगरको लागि मलको कोटा बढाउनको लागि बागमती प्रदेश सरकारको मूख्यमन्त्री र कृषि तथा पशुपंक्षी मन्त्रालय समक्ष अनुरोध गरेका छन् ।

बागमती प्रदेशका लागि यस आर्थिक बर्षमा १४ हजार ८६ मेट्रिकटन रासायनिक मल प्राप्त भएको कृषि सामग्री कम्पनी लिमिटेडको बागमती प्रादेश कार्यालय हेटौंडाका प्रादेशिक प्रबन्धक प्रकाश चन्द्र ज्ञावलीले बताए । उनले बागमती प्रदेश कृषि मन्त्रालयले निर्धारण गरे अनुसार स्थानीय तहको सिफारिस अनुसार मलको वितरण गरिने बताए ।

## कैलाशमा अध्यक्ष र उपाध्यक्षकप खेलकुद

◆ विकास संवाददाता

कैलाश गाउँपालिकाले अध्यक्षकप फुटबल प्रतियोगिता र उपाध्यक्षकप भलिबल प्रतियोगिता आयोजना गर्ने भएको छ । फुटबल प्रतियोगिता फागुन २७ गतेदेखि ३० गतेसम्म नामटारमा र भलिबल प्रतियोगिता फागुन २० गतेदेखि २२ गतेसम्म कालिकाटारमा सञ्चालन हुने गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले जानकारी दिए ।

प्रतियोगितामा प्रत्येक वडाबाट १/१ वटा टीमले सहभागिता जनाउने छन् ।

'गाउँपालिकाले खेलकुदलाई प्राथमिकता दिएको छ । यहाँ थुप्रै राम्रो फुटबल, भलिबलका खेलाडीहरू हुनुहुन्छ', मुक्तानले भने-'उहाँहरूको वृत्ति विकासमा मद्दत पुगोस र पहिचान मिलोस भनेर हामीले यो प्रतियोगिता राखेका हौं', शिल्ड र पुरस्कार राशीको सम्बन्धमा निर्णय गर्न खेलकुद समितिलाई निर्देशन दिइएको अध्यक्ष मुक्तानले जानकारी दिए ।

## प्रदेशका सबै जिल्लामा एकीकृत कार्यालय खुल्ने

◆ विकास संवाददाता

सेवा विस्तारका लागि बागमती प्रदेश सरकारले १३ वटा जिल्लामा कार्यालय खोल्ने तयारीअनुसार अध्ययन गर्ने भएको छ । सरकारले प्रदेशका १३ वटै जिल्लामा एकीकृत कार्यालय खोल्ने तयारीका लागि अध्ययन कार्यदल गठन गरेको छ ।

प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेशका १३ वटा जिल्लामा एकीकृत सेवा सञ्चालनको लागि अध्ययन गर्न कार्यदल गठन गर्ने निर्णय गरेको प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिएका छन् । उनका अनुसार समितिको संयोजकमा प्रदेशका प्रमुख सचिव मुकुन्द प्रसाद निरौला रहेका छन् । उनले आवश्यकताका आधारमा सम्बन्धी मन्त्रालयका सचिवलाई कार्यदलको सदस्य नियुक्त गर्नेछन् ।

प्रदेश सरकारका योजना कार्यान्वयनमा भएका समस्या समाधानका लागि एकीकृत कार्यालय सञ्चालनको तयारी गिरिएको मन्त्री श्रेष्ठले बताए । प्रदेश सरकार मातहतको प्रशासनिक संगठनहरू जिल्ला जिल्लामा नहुँदा योजनाहरू कार्यान्वयनमा जटिलता आएको र सम्बन्धित स्थानीय तहले पनि त्यसतर्फ चासो कम देखाउँदा ती योजनाहरू समयमा नै सम्पन्न हुन नसक्ने गरेको उनको भनाई छ । प्रदेश सरकारका सबै प्रशासनिक कार्यहरू हेटौंडा र काठमाडौंबाट मात्र सरंचालन हुँदा सेवाग्राहीहरू समस्यामा पर्दै आएकाले एकीकृत कार्यालय सञ्चालनको तयारी गरिएको उनले बताए । उक्त कार्यदलले अध्ययन गरेर मन्त्रिपरिषद्मा प्रतिवेदन बुझाएपछि सरकारले १३ वटै जिल्लामा आफ्ना कार्यालयहरू स्थापना गरी सेवा प्रवाह गर्ने उनको भनाई छ ।

कार्यदलले प्रशासनिक खर्च, सेवा प्रवाहलगायतका विषयलाई केन्द्रमा राखेर अध्ययन गर्ने र आवश्यकताका आधारमा सम्बन्धित मन्त्रालयको मातहतमा रहने गरी कार्यालय खोल्ने सुझाव सहित प्रतिवेदन पेस गर्ने उनले बताए ।




# • सम्पादकीय •

## हिउँ र हिउँदे वर्षा नहुँदाको असर

हिउँदयाम सकिन लाग्दा समेत नेपालको उच्च हिमाली भेगका जिल्लाहरु लगायत अधिकांस हिमाली क्षेत्रमा हिउँ परेको छैन । यष वर्ष फागुनको पहिलो सातासम्म पनि हिउँदे वर्षात हुने छाँटकाट छैन । पानीको छिट्टो समेत जमिनमा परेको छैन । केही दिन अघि कर्णाली प्रदेशको केही हिमाली जिल्लामा आंसिक रुपमा मात्र हिमपात भएको छ । केही उच्च पहाडी तथा पहाडी जिल्लामा हल्का वर्षात मात्र भएको मौसम पूर्वानुमान महाशाखाको विवरणमा उल्लेख छ । हिउँ नपर्दा हिमाली क्षेत्रको हिउँदे खेती प्रभावित भएको छ । खेती लगाउनका लागि तयार भएका किसानहरु दिनदिनै निराश हुनु परेको छ । सिंचाई सुविधा नभएका उच्च पहाडी, पहाडी क्षेत्रको हिउँदे खेतीपातीलाई समेत प्रत्यक्ष असर परेको छ । यषवर्ष हिउँदमा हिमपात नभएकोले किसानलाई बालीनालीको चिन्ता छ । हिउँ नपर्दा हिमाली क्षेत्रको कृषि तथा फलफुल खेतीलाई प्रत्यक्ष असर परेको छ ।

उच्च हिमाली तथा पहाडी क्षेत्रको किसानहरु मात्र होइन पर्यटन व्यवसायीसमेत आजभोलि निरास छन् । हिउँदमा हिउँले रमणीय देखिने हिमाली जिल्लाका पर्यटकीय गन्तव्य समेत अहिले सुनसान छन् । हिउँ नपर्दा हिमाली क्षेत्रको रौनक घटेको छ । हिउँ खेल्ने, हिउँ हेर्न आउने पर्यटक घटेका छन् । हिमाली क्षेत्र मात्र होइन मुलुकको हिउँ पर्यटनको रुपमा समेत ख्याती कमाएको ललितपुरको फुलचोकी, काठमाण्डौंको आसपासका डाँडाहरु तथा मकवानपुरको दामन सिमभन्ज्याङमा समेत पर्यटक भित्रने दर ह्वात्तै घटेको छ । हिमपात र वर्षा नहुँदा बाली प्रणालीसँगै हिमाली जनजीवन पनि प्रभावित भएको छ । हिउँदमा हिमपात र वर्षा नहुँदा हिउँदे बालीको मात्रा र गुणस्तर खस्केको छ । नेपालका मुस्ताङ, मनाङ, म्याग्दी र बागलुङका उच्च उचाइमा लगाइने हिउँदे बालीमा प्रत्यक्ष असर परेको छ । विश्वव्यापी उष्णता तथा जलवायु परिवर्तनको असर हिमाली जिल्लामा देखिन थालेको छ । विगत १० वर्षको हिमपातको ग्राफ हेर्दा मुस्ताङका कुनै वर्ष भारी हिमपात हुने, कुनै वर्ष आंशिक हिमपात हुने र कुनै वर्ष हिमपात ज्यादै न्यून पर्ने गरेको पाइएको छ । हिउँकै कारण हिमाली क्षेत्रको जनजीवनसमेत प्रभावित हुन्छ । हिमाली क्षेत्रको तापमान बर्सेनि वृद्धि हुँदै जाँदा यहाँको कृषि क्षेत्रसमेत प्रभावित बन्दै गइरहेको छ । हिउँदयामको हिउँलाई कृषकले अर्गानिक मलको रुपमा लिने गर्छन् । कुलो र नदीबाट सिँचाइ गरिएको पानी भन्दा हिउँदयामको हिउँले खेतबारी सिञ्चित गर्दा जमिनको उर्वराशक्तिलाई मजबुत पारिदिन्छ भने जमिनको भित्री सतहको माटोसमेत हिउँले जमिनलाई रिचार्ज गर्छ भन्ने मान्यता छ ।

वर्षेनी पर्ने हिउँ तथा हिउँद महिनामा पर्ने वर्षात मानव जिवनसँग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ । हिउँ परे तथा वर्षात भए हिमालमा हिउँ थपिन्छ अन्य हिउँ पर्ने क्षेत्रहरुमा समेत कृषि तथा फलफुल उत्पादन बढ्छ । हिमनदीको बहाव बढ्छ । खानेपानीका मुहान फस्टाउँछ । हिउँदे वर्षातले वायुमण्डलको धुलो मैलो हटाउनेदेखि खेतीपातीलाई मलको काम गर्छ । वातावरण सन्तुलन कायम राख्न मद्दत गर्छ । हिउँद याममा वर्षात नभए तथा हिउँ नपरे हिमालहरु काला पहाडमा रुपान्तरण हुन बेर लाग्दैन ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# प्रविधिको विकास र पत्रकारिता



टंक पन्त

पत्रकारिता क्षेत्रमा जति विकास भैरहेको छ, त्यही अनुसार पत्रकारितालाई थप व्यावसायिक बनाउन त्यत्तिकै चुनौती पनि देखा पर्दै गएको छ । हामी चुनौतीको सामना गर्दै अगाडि बढ्नुको विकल्प पनि छैन । पत्रकारिता क्षेत्रको विकासले नै अन्य क्षेत्रमा हुने बेथिति कम गर्न खबर दारीको रूपमा काम गर्ने गरेको छ । जहाँ बेथिति र अस्थिरता कम हुँदै जान्छ, त्यत्तिकै रूपमा त्यो देशको विकास हुने गरेको छ ।

कतिपय देशहरू १५ वर्षअगाडि अत्यन्त कमजोर अवस्थामा थिए तर आज ती देशहरू विकासका दृष्टिले कायापलट नै भएको देखिएको छ । हामीले ती देशको भ्रमण गर्दा अब त यसै गरी काम गर्नुपर्दो रहेछ भन्दै फर्किन्छौं तर एयरपोर्टबाट ओर्लिएपछि गोजीमा राखेको फोहोरको टुक्रा ट्याक्सीबाट बाहिर फाल्न कुनै लाज मान्दैनौं । यस्तो खालको प्रवृत्ति र संस्कारबाट हामी जबसम्म मुक्त हुन सक्तैनौ तबसम्म हामीले नेपालजस्तो सुन्दर देशलाई हरेक दृष्टिकोणले सुन्दर बनाउन सक्तैनौं । सकारात्मक सोच र आफैंबाट परिवर्तनको शुरूवात गर्नुपर्छ भन्ने सोचको विकास आजको आवश्यकता हो ।

पत्रकारिता क्षेत्रमा काम गर्दा कतिपय अवस्थामा जे बोले पनि हुन्छ, जे लेखे पनि हुन्छ र जे पोस्ट गरे पनि हुन्छ भन्ने कतिपयको सोचाइ रहेको छ, जसले गर्दा व्यावसायिक पत्रकारिता गर्नेमाथि आक्षेप लाग्ने गरेको छ । एकादुईले गर्दा सिंगो पत्रकारिता क्षेत्रमा लाग्ने दाग हटाउन पत्रकारहरूको छाता संगठन, प्रेस काउन्सिलजस्ता संस्था र निकायले विशेष भूमिका खेल्नुपर्ने हुन्छ । पत्रकार महासंघसँगै पत्रकारिता क्षेत्रका अग्रणी संस्थाहरू सम्पादक समाज, मिडिया एलाइन्सलगायतमा आबद्ध जिम्मेवार पदाधिकारी र सदस्यहरूले कठोर भूमिका निर्वाह गर्नुपर्ने खाँचो रहेको छ । पत्रकारिताको विकास र सुदृढीकरणका लागि बनेका संगठनहरूले पनि जुन भूमिका निर्वाह गर्नुपर्ने हो त्यसभन्दा बढी र ाजनीतिमा केन्द्रित भएको देखिएको छ । अन्य क्षेत्रले प्रश्न उठाउने ठाउँ दिनुहुँदैन ।

पत्रकारिताको विकासका लागि देखा परेका चुनौती डरलाग्दा देखिँदै छन् । जसले पत्रकारिता गरेको हो/होइन तर पत्रकारिता भनेर व्याख्या गर्न खोजिएको छ, जसका लागि अध्ययन र इथिक्स पालना नगरे पनि हुनेजस्तो अवस्था छ । जुन विषय आज साँचो अर्थमा पत्रकारिता गर्नेका लागि चुनौती देखिएको छ । आफ्नो पेसा व्यवसाय गर्ने छुट सबैलाई छ र गर्न पाइन्छ । त्यसका लागि सम्मान पनि गर्नुपर्छ तर पत्रकारिताभित्र पर्छ/पर्दैन भन्ने मूल कुरा हो । पत्रकारिताका अग्रजहरूले यो विषयलाई जसरी गभीर रूपमा लिएका छन् त्यही रूपमा जिम्मेवार पक्षबीच छलफल गरी निष्कर्षमा पुग्न ढिलाइ गर्न नहुने भएको छ । तर पनि यति भन्न सकिन्छ कि जति चुनौती देखिए पनि पत्रकारिताको भविष्य भने सुन्दर नै छ ।

इमानदार पत्रकारिता गर्नेहरूको संख्या दिनानुदिन जति बढ्दो छ त्यत्तिकै पत्रकारिताका नाममा ठेकेदारी गर्ने पनि छन् । डकुमेन्ट पुऱ्याएर सूचना विभागको प्रेस कार्ड लिने र त्यसको दुरूपयोग गर्नेहरूको संख्या पनि बढिरहेको छ । त्यो पनि अर्को चुनौतीको रूपमा रहेको छ । चुनौती नभएको क्षेत्र कुनै पनि छैन, हरेक क्षेत्रमा चुनौती छ । कपी-पेस्ट पनि बढ्दो छ । हुन त कपी-पेस्ट पनि अरूले होइन पत्रकारबाटै भएको छ । त्यसमा हामीले ध्यान दिनुपर्ने हुन्छ । उदाहरणका लागि भन्नुपर्दा आजभन्दा १० वर्षअगाडिसम्म संसद्मा पत्रकारहरूको कति उपस्थिति हुने गर्थ्यो, संसद्का समिति बैठकमा पत्रकारहरू घन्टौं बसेर रिपोर्टिङ गर्ने गर्थे तर आज समितिका बैठकमा पत्रकारको उपस्थिति निकै कम हुने गरेको छ । प्रविधिको विकाससँगै सूचना लिने प्रविधिको विकास भएको त छ तर फरक-फरक स्टोरीभन्दा पनि एउटै सूचना केवल सूचनाका लागि मात्र बाहिर जाने गरेको अवस्था छ । मेहनत र जनशक्तिको अभाव हो वा तालिम, प्रशिक्षणको कमी हो भन्ने प्रश्न रहेको छ । अहिले मिडियामा जनशक्तिको अभाव पनि त्यत्तिकै रूपमा रहेको छ ।

मिडियाको संख्या देशले थेग्नै नसक्ने हुँदै जानु र सुविधाको कम्पिटिसनले पनि जनशक्तिको अभाव भएको भन्नेहरू पनि छन् तर त्यो कति सत्य हो भन्ने प्रश्न उठ्ने गरेकै छ । पत्रकारितामा पैसा मात्र हेरिनुहुँदैन भन्ने मान्यता छ तर अहिले पहिलेभन्दा पैसा हेर्न थालिएको छ । यसो भनेर पत्रकारितालाई आर्थिक रूपमा कमजोर बनाउनुपर्छ भन्ने होइन । श्रमजीवी पत्रकारले श्रमका आधार बाँच्न पाउनुपर्छ र परिवारलाई सहजरूपमा अगाडि बढाउने वातावरण बनाउनै पर्छ, विगतलाई फर्केर हुँदैन र पनि बढी मोलतोल त हुन थालेन भन्ने लगानी गर्ने पक्षको पनि कुरा सुन्नुपर्छ र बहस, छलफल गर्नुपर्छ । अहिले बढी समस्या मूल धारको पत्रकारितामा देखिएको छ । मोफसलमा त्यति धेरै संकटको अवस्था देखिँदैन त्यहाँ एकै जनाले सबैतिर भ्याएको हुन्छ, त्यो अवस्था मूल धारका मिडियामा कम रहेको छ ।

पत्रकारिता क्षेत्रमा विकृति देखिए पनि अन्य पक्षले सुधार गरिदिने होइन, हामी आफैँले सुधार गर्न सक्छौं र त्यसका लागि सबै सरोकारवालाको भूमिका अहं हुने गरेको छ । स्वाभाविक रूपमा प्रविधिको विकाससँगै प्रिन्ट मिडियामाथि थप चुनौती देखिएको छ तर प्रिन्ट मिडिया पत्रकारिताको जग भएकोले त्यसलाई कमजोर हुन दिनुहुँदैन । कतिपयका लागि बिहानको चिया जति आवश्यक हुन्छ त्यत्तिकै रूपमा पत्रिका पढ्न पाए हुन्थ्यो भन्ने पनि छ । प्रविधिको विकाससँगै प्रिन्ट मिडियाले पनि आफूलाई फरक ढंगले विकास गर्नुपर्छ ।

सञ्चार क्षेत्रमा आएको विकास आफैँमा उत्साहजनक छ । आज मिडियाले राजनीतिक परिवर्तनदेखि सामाजिक रूपान्तरणमा ठूलो भूमिका खेलेको छ । पविर्तनलाई संस्थागत गर्न जनताको आवाज बुलन्द गर्ने नै मिडिया हो । यसर्थ अब मिडियालाई कसैले पनि संकुचन गर्न सक्तैन । कति कमी-कमजोरीलाई आधार बनाएर कसैले संकुचन गर्ने सोच राखे पनि त्यो असम्भव भएको स्पष्ट छ । यो स्तरमा विकास भएको मिडियामा काम गर्ने हामी थप सचेत र व्यावसायिक हुनुपर्ने अवस्था त्यत्तिकै टड्कारोरूपमा रहेको छ ।

निश्चय पनि पत्रकारिता सूचना मात्र होइन सम्पादकीय, दृष्टिकोण, विश्लेषण र विचार पनि हो । पत्रकार आफैँमा संस्थाजस्तै हो । किनकि ऊसँग भएको सूचना सँगसँगै एकसाथ हिँड्छ पनि । पहिले स्वतन्त्रता डेमोक्रेसीका लागि थियो भने अहिले त्यो बुझाइलाई साँघुऱ्याउँदै लगेका छौं । बेथिति उप्काउने र उजागर गर्ने पत्रकारिता नै हो । यसका निम्ति पनि प्रभावकारी पहल सजगताको खाँचो रहेको छ ।

नेपाली पत्रकारितामा न्यू जेनेरेसनको बढ्दो इन्ट्री पनि बडा उत्साहजनक छ । न्यू जेनेरेसनले आफूलाई खार्दै पनि लगेको छ, जसले परम्परागत पत्रकारिताभन्दा नयाँ ढंगले अगाडि जान खोजेको अनुभूति गराउँछ । त्यो पनि पत्रकारिताको विकास र निष्पक्ष पत्रकारिताका लागि थप सहयोगी बन्ने छ । छिन्-छिन्मा सूचनाको अपेक्षा नागरिकहरूले गर्छन् । केही वर्षअगाडि केही नयाँ कुरा थाहा पाउन बिहानसम्म पर्खिनुपर्ने हुन्थ्यो । अब त्यो स्थिति अहिले छैन । अनलाइनले नयाँ क्रान्ति नै ल्याएको छ भन्दा पनि हुन्छ । त्यो पनि निकै उत्साहजनक र चाख लाग्दो हुँदै गएको छ । कतिपय अनलाइनले गर्ने कपी-पेस्टलाई भने निरूत्साहित बनाउँदै लैजानुपर्छ ।

हामी आफैँले आफैँलाई सुधार गर्ने र हरेक क्षेत्रका जिम्मेवार व्यक्तिले आफूबाटै परिवर्तनको शुरूवात गर्ने हो भने परिवर्तन सम्भव छ । हरेक क्षेत्रमा हुने सुधारले नै देशको सुधार हुने हो । नागरिकहरूले सुधारको अनुभूति गर्ने भनेकै देश सुधारको बाटोमा जान थालेको सकारात्मक लक्षणको रूपमा लिइन्छ । यसर्थ हामी सबै जिम्मेवार बनौं, बोल्नेभन्दा काममा विश्वास गर्ने गरौं । त्यही नै आजको आवश्यकता हो । त्यसका लागि पत्रकारिता क्षेत्रले पनि आफ्नो क्षेत्रमा देखिएका कमी-कमजोरी हटाएर अघि बढ्ने संकल्प गर्नुपर्छ । नेतृत्वदायी भूमिकामा रहेका संस्था र संगठनहरूले गम्भीर भएर जिम्मेवारीबोध गरेमा सहज हुनेछ ।

बेला-बेलामा पत्रकारिता क्षेत्रप्रति जसरी आक्षेप लाग्ने गरेको छ, त्यसमा खण्डन-मण्डन र बहस गर्ने भन्दा पनि कसरी आफूले आफैँलाई सुधार गर्ने भन्नेतर्फ पनि गम्भीरताका साथ सोच्नुपर्छ । हामीले विकृतिको आवाज उठाउँछौं र उठाइरहेका छौं तर कतिपय व्यक्ति विशेषका कारण सिंगो पत्रकारिता क्षेत्रमाथि आक्षेप लगाउने ठाउँ हामीले दिनुहुँदैन । पत्रकारिता क्षेत्रले गर्ने खबरदारीले नै लोकतन्त्र बलियो हुने हो । हिजो जसरी मिडिया लोकतन्त्रका लागि हरेक किसिमले उत्रियो, त्यो अवस्था भोलि पनि आउन सक्छ । त्यसैले पत्रकारिताको विकासका लागि सबैले भूमिका खेल्नुपर्छ । पत्रकार र मिडिया हाउसले पनि सोही अनुसार भूमिका खेल्नुको विकल्प छैन ।

*(वरिष्ठ पत्रकार पन्त नेपाली पत्रकारहरुको अन्तर्राष्ट्रिय सञ्जाल इन्जा एसियाको अध्यक्ष हुनुहुन्छ ।)*

# जन्डिस हुँदा खानेकुरा बार्नुपर्छ ?



अनुहार, आँखा, हातमा पहेंलो देखिएमा जन्डिस भएको शंका गरिन्छ । तर जण्डिस भए नभएको प्रमाणित नै नभई पहेंलो रंगका खानेकुरा बार्ने प्रवृत्ति समाजमा व्याप्त छ । त्यति मात्र होइन, धेरैलाई जन्डिस किन हुन्छ ? कहाँ हुन्छ ? के कारणले हुन्छ भन्नेबारे जानकारी नहुँदा सामान्य बन्ने जन्डिस पनि जटिल बन्दै जान्छ ।

शरीरमा बिलुरूबिनको मात्रा २.५ भन्दा बढी भयो भने आँखादेखि शरीरका विभिन्न भाग पहेंलो हुनु जन्डिस हो । जन्डिस एउटा रोग नभएर विभिन्न रोगले शरीरको विभिन्न भागमा देखाउने एक संकेत मात्र हो । रगतमा भएको हेमोग्लोबिनमा कुनै कारण अवरोध आएपछि कलेजोमा पुगेर बिलिरुबीन बन्छ । बिलिरुबीन कलेजोले छानेपछि शरीरबाट बाहिर निस्कन्छ तर कुनै कारणले र गतबाट कलेजोमा प्रवेश नगर्दा वा कलेजोले छान्ने नगर्दा शरीरमा यसको मात्रा बढ्छ । जसले जन्डिस निम्त्याउँछ । प्रायः व्यक्तिमा हेपाटाइटिसका कारण जन्डिस देखिन्छ । हेपाटाइटिस ए, बी, सी, डी र ईमध्ये हेपाटाइटिस ए र ई प्रदूषित खाना र दूषित पानीले सर्छ भने बी, सी र डी रगतको संक्रमणबाट सर्छ । जाँडरक्सी खानेहरूमा कलेजो बिग्रिएर पनि जन्डिस हुन सक्छ ।

त्यस्तै, नवजात शिशुमा पनि जन्डिस देखिन सक्छ । शिशुमा देखिने जन्डिसमा आँखा पहेंलो हुन्छ तर धेरै असर गर्दैन । बिस्तारै आफैं हराएर जान्छ । कलेजोमा हुने क्यान्सर र लिभर सिरोसिस हुँदा जन्डिस हुन्छ । पित्तथैलीमा पत्थरी वा पित्तक्यान्सर र आमाशयमा पनि बिलुरूबिनको मात्रा बढ्यो भने जन्डिस देखिन्छ ।

### लक्षण:

रोगअनुसारको लक्षण देखिन्छ । हेपाटाइटिस ए र ई भएमा जीउ दुख्ने, ज्वरो आउने हुन्छ । क्यान्सर भएका जन्डिस भएका बिरामीमा तौल घट्ने, वाकवाकी लाग्नेजस्ता लक्षण देखिन्छ । त्यसबाहेक खाना नरुच्ने, शरीर कमजोर हुँदै जाने, पेट दुख्ने, पिसाबमा पहेंलो देखिनु, आँखाको सेतो भाग पहेंलो हुने जन्डिसका लक्षण हुन् ।

यसको कारण पत्ता लगाउन सुरुमा लिभर फङ्कसन र रगत परीक्षण गरिन्छ । त्यसबाट भएन भने अल्ट्रा साउण्ड र एमआरआई पनि गरिन्छ । हेपाटाइटिसको शंका भएमा त्यसको पनि परीक्षण गरेर पत्ता लगाउन सकिन्छ । यसको कारण पत्ता लगाएर मात्र उपचार गर्नुपर्छ । खाना बार्ने, विना जाँच औषधि खाएर भने जन्डिस बिग्रिन सक्छ ।

### उपचार

जन्डिसको विशेष उपचार हुँदैन । यद्यपि घरेलु उपचार विधिबाट परीक्षण नै नगराई उपचार गराउन भने हुँदैन । चिकित्सकबाट यसको कारण पत्ता लगाई त्यसको उपचार गरेपछि स्वतः जन्डिस ठीक हुन्छ । हेपाटाइटिस ए र ई भएकाहरूमा पोषणयुक्त खानेकुरा खाने र आराम गरेमा एक महिनामा ९८ प्रतिशत आफैं ठीक हुन्छ । तर त्यो अवधिमा खानेकुरा बार्ने भन्दै केही नखाँदा जटिलता बढ्छ । हेपाटाइटिस बी र सी भएमा अस्पतालमा उपचारसँगै चिकित्सकको निर्देशनअनुसार औषधि खाएर मात्र निको हुन्छ । हेपाटाइटिस बी देखिएकामा दुई वर्षसम्म र सी भएमा दुई महिनाको अवधिमा ठीक हुन्छ । पत्थरी भएकाहरूमा त्यसको उपचार गरेपछि मात्रै जन्डिस ठीक हुन्छ ।

### खानेकुरा बार्नु आवश्यक छैन

आँखामा पहेंलो देखिएपछि धेरैजसोले पहेंलो खानेकुरा खान छाड्छन्, जुन गलत हो । जन्डिसमा पहेलो रंगको खानेकुरा खान नहुने भन्ने कुनै वैज्ञानिक तथ्य छैन । जति खानेकुरा छाडिन्छ त्यति नै शरीर कमजोर हुँदै थप स्वास्थ्य अवस्था बिग्रिन्छ । खानेकुरामा दाल, भात, तर कारी, फलफूल अमिलो, पिरो, चिल्लो, नुन, तेल, बेसार र मसला सबै थोक ठीक मात्रामा खान सकिन्छ ।

हेपाटाइटिस बी र सी भएकाहरूमा जन्डिस भयो र उपचार नभएमा जटिलताको रुपमा लिभर सिरोसिस हुन्छ । गर्भवती हुँदा महिलामा दूषित पानीले सर्ने हेपाटाइटिस ई छ भने स्वास्थ्यमा जोखिम हुन सक्छ । जुन चिकित्सकको कडा निगरानीसहितको उपचारमा ठीक हुन्छ ।

# के हो 'बडी सेमिङ' ?

व्यक्तिको उचाइ, मोटाइ, सौन्दर्य, उमेर वा अन्य कुनै कुरामा गलत टिप्पणी गर्नुलाई 'बडी सेमिङ' भनिन्छ । यस्ता टिप्पणी व्यक्तिको उमेर, कपाल, कपडा र आकर्षणको विषयमा पनि हुन सक्छ ।

यस्तो टिप्पणीले सम्बन्धित व्यक्तिलाई हीनतावोध गराउने त छँदैछ मनोवैज्ञानिक र अन्य भावनात्मक असर गर्ने चिकित्सक तथा मनोविद् डा. तृष्ण विष्ट बताउँछिन् । 'कुनै पनि व्यक्तिको रूप हेरेर उसको बारेमा धारणा बनाउनु गलत हो । यसो गर्नाले नजानेर अरूको मन दुख्छ र मनोबल पनि कम हुन्छ,' उनी भन्छिन्, 'अझ बडी सेमिङको समस्या अधिकांश महिलाले कुनै न कुनै रूपमा सामना गरेकै हुन्छन् ।'

केही व्यक्तिले बडी सेमिङलाई सामान्य रूपमा लिन्छन् । आफ्नो प्राकृतिक शरीर, रङ वा बनावटलाई स्वीकार गर्छन् । उनीहरूलाई आलोचनात्मक टिप्पणीले प्रभाव पर्दैन । तर कतिपयमा भने अरूले गरेका टिप्पणीका कारण व्यक्ति आफ्नो शरीरप्रति असन्तुष्ट हुन थाल्छन् । यसले मानिसमा आत्मविश्वासको कमी हुनुका साथै धेरै मानसिक समस्या पनि निम्त्याउन सक्ने विष्ट बताउँछिन् । 'लगातार बडी सेमिङको सिकार भएर मानिसको दिमागमा इन्फिरियोरिटी कम्प्लेक्स बस्छ । यस्ता व्यक्तिहरू डिप्रेसन, चिन्ता, तनाव र डिप्रेसनबाट ग्रसित हुन सक्छन्,' उनी भन्छिन् ।

हरेक मानिसको शरीरको बनावट, अनुहारको बनावट र रंग फरकफरक हुन्छ । त्यसैले समाजमा वा कार्यस्थलमा कुनै पनि महिला वा पुरुषलाई उनीहरूको शरीरको बनावट, रंग वा शरीरको बाहिरी अंगका कारण गिज्याइन्छ भने त्यसको प्रत्यक्ष असर व्यक्तिको मानसिक स्वास्थ्यमा पर्ने विष्ट बताउँछिन् ।

'सम्बन्धित व्यक्ति समाजबाट टाढिन पनि थाल्छन् । लगातार नकारात्मक टिप्पणीले व्यक्तिलाई यस बिन्दुमा चिन्तित बनाउन सक्छ कि उनीहरू सामाजिक कार्यहरूमा सामेल नहुने एक्लै बस्न



रूचाउने हुन्छन्,' उनी भन्छिन् । बडी सेमिङले पार्ने भावनात्मक असरको प्रभाव शारीरिक रूपमा पनि पर्न थाल्छ । विष्ट भन्छिन्, 'यदि कुनै व्यक्ति मोटोपनको कारण ट्रोल हुन्छ भने उसले तौल घटाउन खानेकुरा त्याग्न थाल्छ । जसले गर्दा उसको शरीर कमजोर हुन थाल्छ ।'

### बडी सेमिङले पर्ने सामाजिक असर

बडी सेमिङले सम्बन्धित व्यक्तिलाई मात्र असर गर्दैन, सेमिङ गर्नेलाई पनि नकारात्मक असर पार्छ । सेमिङ गर्ने व्यक्तिमा आक्रामक प्रवृत्ति र अरूको दुःखमा खुसी हुने प्रवृत्तिको विकास हुने क्लिनिकल मनोविद् डा. विष्ट बताउँछिन् । 'मानिसको रूप, पहिरन, रहनसहन र खानपिन फरकफरक हुन्छ । त्यसैले बडी सेमिङ गर्नु हुँदैन भन्ने कुरालाई बढावा दिनुपर्छ,' उनी भन्छिन्, 'बडी सेमिङको बारेमा भावीपुस्तालाई सचेत गराइएन भने भौतिक भिन्नताका आधारमा टिप्पणी भइरहन्छ र सकारात्मक अन्तरक्रिया वा टिमवर्कको सट्टा द्वन्द्व र विभेद बढ्छ ।'

### कृत्रिम सुन्दरताको उपायलाई बढावा दिन्छ

बडी सेमिङ हुने चिन्ताले मानिस आफ्नो शारीरिक बनावट राम्रो बनाउन जे पनि गर्न तयार हुन्छ । जसको फाइदा कस्मेटिक उत्पादन र १५ दिनमा तौल घटाउँछौ भन्नेहरूले उठाइरहेको विष्ट बताउँछिन् । बुटोक्स गर्ने, कपाल रोप्ने, कस्मेटिक सर्जरी यसैको प्रभाव हुन् ।

आफूलाई स्वस्थ राख्नु त एकदमै राम्रो हो तर अरूले के भन्लान् भनेर आफ्नो प्राकृतिक रंग र बनावट नै परिवर्तन गर्नु भने राम्रो नभएको विष्ट बताउँछिन् ।

### कसरी निरुत्साहित गर्ने यस्तो प्रवृत्ति ?

सबैभन्दा पहिले त घरमा आमाबाबुले आफ्ना छोराछोरीलाई कसैको शारीरिक कमी वा भिन्नतालाई मजाक बनाउनु हुँदैन भन्ने कुरा सिकाउनुपर्छ । अहिलेको युवापुस्ता हरेक व्यक्तिलाई उनीहरूको प्राकृतिक बनावट स्वीकार गर्नुपर्छ भन्ने कुरामा सचेत पनि भएको विष्ट बताउँछिन् । आफ्नो शरीरको आकार, रंग वा बनावटको बारेमा चिन्ता गर्नुको सट्टा, यसलाई स्वीकार गर्न सिक्नुपर्छ । यसलाई स्वीकार्न सके कसैको आलोचनात्मक टिप्पणीबाट प्रभावित नहुने विष्ट बताउँछिन् । 'जसले गर्दा नकारात्मक टिप्पणी गर्ने व्यक्ति निरूत्साहित हुन्छन्, मैले गलत गरेछु भन्ने महसुस गर्छन्,' उनी भन्छिन् ।







प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# 'चित्लाङ-चन्द्रागिरि सडक मकवानपुरको समृद्धीको ढोका'-सांसद बर्तौला

◆ विकास संवाददाता

मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ का सांसद महेश कुमार बर्तौलाले सडक विभागका महानिर्देशक अर्जुन जंग थापा लगायत बिभागका अन्य प्राबिधिक कर्मचारीहरू सहित चित्लाङ-चन्द्रागिरि-थानकोट सडकको अनुगमन गरेका छन् । यो सडक काठमाडौ देखि हेटौंडा, सिमरा र बिरगंज सम्मका यात्रुहरूलाइ छोटो र सहज पहुँचको मार्ग भएको तथा साँस्कृतिक तथा पर्यटकिय महत्व बोकेको सडक भएकोले साथै यसले मकवानपुर को उत्तरी भेगको जनजिविकामा प्रत्यक्ष लाभ पुग्ने भएकोले सडकको स्तरिकरण तथा पुर्ण कालोपत्रे हुनुपर्ने साँसद बर्तौलाको जोड रहेको छ ।



आफ्नो कार्यकालमा यो सडकलाई पुर्ण ब्यवस्थित बनाउन मुख्य प्राथमिकता रहेको समेत बर्तौलाले बताए । यो सडक हुँदै दैनिक करिव ३ हजार आन्तरिक पर्यटक मकवानपुर भित्रने र पर्यटकहरू खास गरिकन मकवानपुरको थाहानगर क्षेत्रको नेवाः साँस्कृतिक विविधता हेर्न, स्थानीय होमस्टेमा रमाउन, काठमाण्डौको धुलोधुवा छल्न, ईन्द्रसरोवरको ताल संग रमाउन तथा दामन घुम्न आउने गरेका छन् । चित्लाङ-चन्द्रागिरि-थानकोट सडकको सुरुवाती पोईण्ट मानिएको चनिवन ब्यारेक बाट काठमाण्डौको थानकोट प्रहरी चेक पोष्ट सम्म जम्मा १८ कि.मी.दुरीको सडक रहेको छ भने चित्लाङ फेदीबाट थानकोट १२ कि.मी. मात्रै रहेको छ । यो सडकको १८ किमि दुरी पार गर्न अहिले सरदर बाईकहरू ३५ मिनेट तथा मोटर गाडी ५० मिनेट लगाउने गरेकोमा कालो पत्रे सम्पन्न भएको खण्डमा आधा घण्टाको बाटो हुन सक्ने सडक सरोकार समितीको प्रतिनिधि बुद्धरत्न मानन्धर बताउँछन् ।

मानन्धरका अनुसार सडक सरोकार समितीको १७ महिनाको मिहेतबाट बाटो सुधार भएर सचारू भएको हो र यस क्षेत्रको माननिय तथा सडक विभागको ध्यान स्तरीकरणमा गएकोमा स्थानीय खुशी भएको छ । सडक अनुगमनको क्रममा २६ माघमा माननिय साँद महेश बर्तौला, सडक विभागको महानिर्देशक अर्जुन जंग थापा, सडक सरोकार समिती, स्थानीय बुद्धीजिवि डा. रामहरी लामीछाने तथा हरीहर लामिछाने लगवायतकाको उपस्थिती रहेको थियो । साँसद बर्तौलाले अनुगमनका क्रममा स्थानीय सरोकार समिती तथा स्थनीय बासिहरूसंग पनि छलफल गरे । छाफलका क्रममा यो सडकबाट प्रत्यक्ष यस मकवानपुरका उत्तरी क्षेत्रका नागरिकहरूमा सडकले प्रत्यक्ष फाईदा पुर्याएका तथा यहाँको पर्यटन विकास तथा आर्थिक विकासमा फाईदा पुगेको बताए ।

सडक विभागका महाप्रवन्धक थापाले सडकको केहि खण्डहरू सुधार गर्नुपर्ने, केहि भागहरूमा कटिङ गर्नु पर्ने, नाला व्यवस्थापन तथा कालो पत्रे अबको प्रमुख काम रहेकोले माननीय सँग समन्वय गरेर यी कामहरू सम्पन्न गर्न प्राथमिकता दिने बताएका हुन् । अहिले कच्ची सडक भएर नै थानकोटदेखि हेटोंडा तथा विरगंज मालबहाक गाडी, तरकारी गाडीहरू संञ्चालन भईरहेको छ ।

# थाहानगरको ९ नम्बर वडामा 'कृषि एप' सम्बन्धि छलफल



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ मा डिजिटल कृषि एप सम्बन्धि छलफल भएको छ । कृषि एप मार्फत किसानहरूलाई कृषि सम्बन्धि जानकारी गराउने उद्देश्यले जियो कृषि कम्पनिले २५ माघमा वडा कार्यालयको हलमा छलफल आयोजना गरेको हो ।

स्वच्छन्द साना किसान कृषि सहकारी संस्था र वडा कार्यालय/कृषि प्राविधिकको समन्वयमा छलफल भएको हो । कृषकलाई डिजिटल माध्यमबाट असल कृषि अभ्यास गराउने उद्देश्यले छलफल भएको कृषि प्राविधिक कमला सुवेदीले जानकारी दिइन् । मोबाइल एप मार्फत कृषि बजार मूल्य, मौसमी जानकारी, मलखादको उचित प्रयोग, बाली पशु स्वस्थ्य जाँच र विज्ञ सल्लाह समेतको कार्य गर्न सकिने जियो कृषिका राजनमान बज्राचार्यले जानकारी गराए ।

कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ९ की वडासदस्य तथा थाहा नगरपालिकाकी कार्यपालिका सदस्य अञ्जु श्रेष्ठ, थाहा ९ र १० की कृषि प्राविधिक कमला सुवेदी, मदन भण्डारी विश्वविद्यालय चित्लाङका अनुपमा श्रेष्ठ, भूषण श्रेष्ठ, स्वच्छन्द साना किसान कृषि सहकारीकी अध्यक्ष शारदा लामिछाने, सदस्य दुर्गा विडारी, व्यवस्थापक शुक्ला गोपाली व्यवसायी श्याम बलामी लगायतकाको सहभागिता रहेको थियो ।

# सामाजिक सुरक्षा कार्यक्रम लागु गर्न माग

◆ विकास संवाददाता

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागु गर्न वागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठसमक्ष जिफन्टले माग गरेको छ ।

मन्त्री श्रेष्ठलाई ज्ञापनपत्र बुझाउँदै नेपाल ट्रेड युनियन महासंघ वागमती प्रदेश समितिले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागु गर्न माग गरेको हो । जिफन्ट प्रदेश अध्यक्ष रामहरी नेपालसहित टोलीले मन्त्री श्रेष्ठसमक्ष ज्ञापनपत्र बुझाएका हुन् ।

ऐननियम, कानुनअनुसार सञ्चालन भएका कम्पनी, कार्यालयहरू, उद्योग, प्रतिष्ठान, संघसंस्थालाई लागु गर्न जिफन्टले माग गरेको छ । वागमती प्रदेशका १३ जिल्लाका १ सय १९ वटै स्थानीय तहमा श्रमडेस्क सञ्चालनमा ल्याउन मन्त्री श्रेष्ठसमक्ष माग गरिएको छ ।

# व्यापार महोत्सवमा १० करोडको कारोबार

◆ विकास संवाददाता

मकवानपुर उद्योग वाणिज्य संघको मुख्य आयोजनामा हेटौंडा-१०, टीसीएन चौरमा भएको महोत्सवमा सोमबारबाट सकिएको छ । १३ दिनसम्म सञ्चालित महोत्सवमा राखिएको विभिन्न वस्तुहरूको बिक्रीमा करिब १० करोडबराबरको कारोबार भएको अनुमान संघ कोषाध्यक्ष सन्तोषकुमार अर्यालको छ । महोत्सव अवधिभर करिब एक लाख दर्शक हरूले महोत्सवको अवलोकन गरेको अनुमान आयोजकको छ ।

महोत्सवको अन्तिम दिन दर्शकहरूको घुइँचो लागेको थियो । अन्तिम दिन भएकाले सामान खरिद गर्नेहरूको भीड थियो । सोमबार करिब १० हजार भन्दा बढी दर्शकहरूले महोत्सवको अवलोकन गरेको अनुमान रहेको कोषाध्यक्ष अर्यालले गरे । महोत्सव संयोजक संघ अध्यक्ष कृष्णकुमार गुप्ताको सभाध्यक्षता तथा वागमती प्रदेशसभा सभामुख भुवनकुमार पाठकको प्रमुख आतिथ्यतामा महोत्सव समापन गरिएको थियो । समापन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रीय सदस्य अरूणराज सुमार्गी, संघ पूर्व अध्यक्ष केशब श्रेष्ठ, भुवनलाल श्रेष्ठ, उत्तम शर्माढकाल, निर्वतमान अध्यक्ष कृष्ण कटुवाल, मकवानपुरका विभिन्न पालिका अध्यक्ष तथा उपाध्यक्ष, हेटौंडा उपमहानगर पालिका प्रवक्ता एवम् १ नम्बर वडाध्यक्ष सबिन न्यौपाने, वडा-१० वडाध्यक्ष फुर्वा दोर्जेलामा, संघका सल्लाहकारहरू तथा विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको आतिथ्यता थियो ।

समापन कार्यक्रममा महोत्सवलाई प्रायोजक, सहप्रायोजक, महोत्सवलाई सफल बनाउने सबै सहयोगी हातहरू सम्पूर्ण संघसंस्थाहरूलाई कदरपत्र प्रदान गरिएको थियो । सोमबार युवापुस्तामा चर्चित रहेकी गायिका रचना रिमालले सांगीतिक प्रस्तुति दिएकी थिइन् । उनले फोटो फिरेममा., उनको प्रीति पहिले हो कि मेरो प्रीति पहिले, सम्झिनी पानी छम्किनीलगायत चर्चित गीतहरू प्रस्तुत गरेकी थिइन् ।

महोत्सवलाई हेटौंडाको उत्पादन शिवम् सिमेन्टले प्रायोजन गरेको थियो भने सहप्रायोजकमा युनिलिभर नेपाल लिमिटेड, नेपाल ब्रुअरिज र लक्ष्मी ग्रुप (हुण्डाइ) रहेको महोत्सव मुल संयोजक एवम् मउवा संघ अध्यक्ष गुप्ताले बताए । मेला सम्पन्न गर्न जिल्ला समन्वय समिति मकवानपुर र हेटौंडा उपमहानगरपालिका प्रवर्द्धकका रूपमा थिए भने महोत्सवको सहआयोजकमा वागमती प्रदेश सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सूस्कृति तथा पर्यटन मन्त्रालय र कृषि तथा पशुपक्षी विकास मन्त्रालय रहेको अध्यक्ष गुप्ताले बताए ।

# राक्सिराङमा हाटबजारको शुभारम्भ

◆ विकास संवाददाता

मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा फागुन १ गतेबाट कृषि हाटबजार लाग्ने भएको छ । राक्सिराङ गाउँपालिका वडा नम्बर ५ चैनपुरको व्यवस्थापन समितिको आयोजनामा कृषि हाटबजार लाग्ने भएको हो ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लले कृषि हाटबजार राक्सिराङ गाउँपालिकाका ९ वटै वडा समेट्ने गरी स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले सञ्चालन गर्न लागेको जानकारी दिए । हाट बजारमा रैथानेबाली, कृषि उपज वस्तुहरूको प्रदर्शनी तथा बिक्री वितरण गर्नुका साथै स्थानीय खानाका परिकारहरूको २० वटा स्टल रहने मल्लले बताए ।

त्यस्तै, कृषि हाटबजारमा स्थानीय कलाकारहरूले जातीय पहिचान, साँस्कृतिक नृत्य तथा गायन प्रस्तुत गर्ने उनको भनाई छ । कृषि हाटबजार महिनामा २ दिन प्रत्येक महिनाको १ गते र १५ गते सञ्चालन हुनेछ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## थाहामा वृहत खानेपानी आयोजना

# गाउँटोलमा खानेपानी छुट्ला है !



◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा सञ्चालन भइरहेको पालुङ वृहत्त खानेपानी आयोजनाको कार्यसम्पादन तथा प्रगतीको विषयमा नगरपालिका कार्यालयमा समिक्षा भएको छ । दुई वर्षमा कार्य सम्पन्न गर्ने गरी चालु आर्थिक वर्षबाट शुरू भएको खानेपानी आयोजनाको करिब ३५ प्रतिशत काम सम्पन्न भएको २५ माघमा भएको समिक्षा कार्यक्रममा प्रस्तुतीकरण भएको छ ।

थाहा नगरपालिका वडा नम्बर १, २, ३ र ४ का बासिन्दालाई लक्षित गरी निर्माण थालिएको खानेपानी आयोजनाको समिक्षा भएको हो । कार्यक्रममा आयोजनाको प्रगतीको विषयमा निर्माण कम्पनीका दिल बहादुर केसीले जानकारी गराएका थिए । निर्माण व्यवसायी केसीका अनुसार १ सय २३ किलोमीटर पाइपलाईन विस्तार गर्ने सम्झौता भएकोमा ३५ किलोमिटर, ५० हजार लिटर क्षमताको १२ वटा रिजर्भ्वायर ट्याङ्कीको निर्माण सक्किसकेको तथा ३ वटा ट्रिटमेन्ट प्लान्टको निर्माण अन्तिम चरणमा पुगेको छ । दुईवर्ष भित्र निर्माण सक्ने आयोजनाको लक्ष्य रहेकोमा ठेक्का सम्झौता बमोजिम आयोजना निर्माणमा स्थानीय उपभोक्ता बाट २० प्रतिशत साझेदारी गर्नुपर्ने छ ।

समिक्षा तथा छलफल कार्यक्रममा सहभागी वडा अध्यक्षहरूले आफ्नो वडामा हाल कार्यान्वयनमा रहेको आयोजनाबाट कतिपय घर तथा टोलहरू छुटेको रिपोर्टिङ गरेका थिए । छलफलका क्रममा सहभागी वडा नंम्बर १ का वडा अध्यक्ष हेरमान गोपाली, वडा नंम्बर २ का वडा अध्यक्ष बमबहादुर सिन्तान, वडा नंम्बर ३ का वडा सदस्य कृष्णकुमार कार्की र वडा नंम्बर ४ का वडा अध्यक्ष नारायण लामासहित सम्बन्धित वडाका उपभोक्ता समितिका पदाधिकारीहरूले आ-आफ्नो वडामा हाल कार्यान्वयनमा रहेको खानेपानी आयोजनाबाट कतिपय घर तथा टोलहरू छुटेको रिपोर्टिङ गरेका थिए । यससम्बन्धमा छलफल हुँदा आयोजनाबाट छुटेका घर तथा टोलहरूको सम्बन्धमा वडास्तरीय खानेपानी उपभोक्ता समितिले विवरण संकलन गरी ७ दिनभित्र पालुङ वृहत खानेपानी आयोजना उपभोक्ता समिति समक्ष पेश गर्ने र उक्त समितिले आवश्यक जाँचबुझ गरी ३ दिनभित्र नगर कार्यपालिकाको कार्यालयमा लिखितरूपमा विवरण पेश गर्ने निर्णय भएको छ । उक्त विवरणको आधारमा समस्या समाधानार्थ आवश्यक सहयोगका लागि नगर पालिकाबाट संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासमक्ष अनुरोध गर्नेसमेत निर्णय भएको नगर प्रमुख विष्णु बहादुर विष्टका प्रेस संयोजक शम्भु अधिकारीले जानकारी दिए ।

अन्तर्गत् हाल कार्यान्वयनमा रहेको खानेपानी आयोजनाअन्तर्गत् कतिपय स्थानमा रिर्जभ्वाएर ट्याङ्कीभन्दा वस्ती माथि परेको, पाइपलाइनका नजिकका केही घरहरू छुटेको जस्ता समस्या भएको बारे भएको रिपोर्टिङको आधारमा छलफल हुँदा वडा स्तरका उपभोक्ता समिति, आयोजनाका प्राविधिक र निर्माण व्यवसायीबीच समन्वय गरी ठेक्का सम्झौतामा बाधा नपर्नेगरी नक्शा पुनर ावलोकन गर्ने पनि निर्णय भएको छ । ठेक्का सम्झौताबमोजिम आयोजना निर्माणमा स्थानीय उपभोक्ताबाट २० प्रतिशत साझेदारी गर्नुपर्ने व्यवस्था भएकोमा निर्माण व्यवसायीबाट सम्पन्न हुँदै गएको कार्यसँगै उपभोक्ताबाट श्रमदान गराउन उपभोक्ता समितिबाट आवश्यक पहल गर्ने समेत निर्णय भएको छ । आयोजनामा उपभोक्ताले मुख्य पाइपलाईबाट आफ्नो घरसम्म पाइपलाइन खन्ने तथा पुर्नेलगायतको श्रमदानमा साँझेदार हुनुपर्ने छ ।
कार्यक्रममा थाहा नगरपालिकाको वडा नम्बर २ मा साविक पालुङ गाविसको ६ वटा वडालाई समेटर पालुङ खानेपानी आयोजना सञ्चालन हुँदै आएकोमा उक्त आयोजना र यस आयोजनालाई एक अर्कामा सम्बन्धित गराएर खानेपानी व्यवस्थापनमा सहजीकरण गर्ने व्यवस्थाको लागि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई अनुर ोध गर्ने निर्णय भएको थाहानगर खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष लवशेर विष्टले जानकारी दिए ।

थाहानगरको चार वटा वडालाई लक्षित गरी निर्माण थालिएको योजनालाई सबैपक्षको अपनत्वमा निर्माण गर्न आग्रह गर्दै आयोजनाकालागि सक्दो सहयोग गर्ने संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाकी सि.डि.इ मनिना वैद्येले बताइन् । थाहा नगरपालिकामा खानेपानी आयोजनाको निर्माण कम्पनी, संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रमुख, थाहा नगरपालिका, नगर खानेपानी व्यवस्थापन बोर्ड, खानेपानी उपभोक्ता समिती, आयोजनाको लाभग्राही रहेका वडाका अध्यक्ष तथा जनप्रतिनिधि र स्थानीयबीच छलफल भएको हो ।

आयोजनाबाट छुट हुन पुगेका गाउँटोलमा खानेपानी विस्तारका लागि तत्काल तथ्याङ्क संकलन गरी संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, नगरपालिका र निर्माण व्यवसायीबीच छलफलले निर्णयमा पुग्न सहज भएको नगर प्रमुख विष्णु बहादुर विष्टले बताए । अब छिट्टै तथ्याङ्क संकलन गरी बैठक बस्छौं, सबै नगर बासीलाई शुद्ध र गुणस्तरीय खानेपानीको व्यवस्था गरेरै छाड्छौं प्रमुख विष्टले भने । विष्टले साविक पालुङ गाविसको साविकका ६ वटा वडाहरूको लागि निर्माणाधिन पालुङ खानेपानी आयोजनालाई पनि यसै आयोजनामा समेटेर लैजान संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई अनुरोध गर्ने बताए ।

# स्थापना दिवसमा दीप प्रज्वलन



◆ विकास संवाददाता

नेपाल तमू (गुरूङ) विद्यार्थी छौंज धीँ जिल्ला कार्यसमिति मकवानपुरले संस्थाको २७ औँ स्थापना दिवस मनाएको छ ।

थाहा नगरपालिकाको वडा नम्बर ५ फुर्केमा २६ माघमा दीप प्रज्वलन गरेर स्थापना दिवस मनाएको तमु विद्यार्थीका केन्द्रिय सदस्य अमृता गुरूङले जानकारी दिइन् । स्थापना दिवसको अवसरमा फुर्केको गुरूङ सामुदायिक भवनमा भेला भएका विद्यार्थी र तिनका अभिभावक संस्थाका प्रतिनिधिहरूले एकापसमा शुभकामना आदानप्रदान गरेका थिए।

कार्यक्रम तमु विद्यार्थी जिल्ला कार्यसमिति अध्यक्ष दिनेश गुरूङको सभाध्यक्षमा सम्पन्न भएको हो।

# थाहानगरमा ३ महिने सिलाइ कटाइ तालिम सुरू



◆ विकास संवाददाता

घरेलु तथा साना उद्योग कार्यालयको आयोजनामा २६ माघदेखि ३ महिने सिलाइ कटाइ तालिम थाहानगरमा सुरू भएको छ ।

२६ माघमा एक कार्यक्रमका बीच तालिमको उद्घाटन गरिएको हो । घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर का प्रमुख टीका शर्माको सभाध्यक्षमा भएको कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले सीप सिकेर लगानी अभाव भएमा समूह मिलेर आए सहयोग गरिने बताए ।

कार्यक्रममा थाहानगर उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष पुरूषोत्तम ढकाल, महासचिव सुरेन्द्रमान प्रधान, महिला उद्यम समिति सभापति तथा प्रशिक्षक आरती श्रेष्ठले तालिमको औचित्य पुष्टि गर्दै शुभकामना व्यक्त गरे ।

सहभागीहरूलाई नियमित रूपले तालिम लिएर स्वरोजगार बन्न कार्यालयले आवश्यक कार्यक्रमहरू सञ्चालन गरिदै आएको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख शर्माले बताए ।

तालिमको समन्वय तथा व्यवस्थापन थाहानगर उद्योग वाणिज्य संघले गरेको हो ।


सुमयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा


जन्म | विवाह | बसाई सराई | सम्बन्ध विच्छेद | मृत्यु

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# न्यूनतम् आधार तयार पारेर मात्र प्रदेश सरकारले लगानी गर्ने

◆ विकास संवाददाता



बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले न्यूनतम् आधार तयार पारेर प्रदेश सरकारले योजनामा लगानी गर्ने बताएका छन् । नेपाल समाजवादी पार्टी मकवानपुरले हेटौंडामा गरेको सम्मान कार्यक्रममा उनले भने-'साना र टुक्रे योजनाका कारण प्रदेश सरकारले गरेका कामको परिणाम प्रभावकारी देखिएको छैन । अब ठूला र समुदाय केन्द्रित योजनालाई प्राथमिकता दिएर काम गर्छौं ।'

प्रदेश सरकारले न्यूनतम् कतिसम्म बजेट हाल्ने भन्ने आधारसमेत तयार गरिने जम्कट्टेलले बताए । प्रदेश सरकारले व्यक्तिलाई दिने अनुदान बन्द गर्ने उनको भनाइ छ । 'अब समुदाय केन्द्रित अनुदानमात्र बितरण गर्छौं । समाज नै बन्नुपर्छ, कुनै व्यक्तिमात्र होइन,' उनले भने-'त्यसको सुरूवात यही वर्षबाट गर्दैछौं ।' मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारले छिट्टै सरकारको न्यूनतम् साझा कार्यक्रम सार्वजनिक गर्ने बताए ।

देशको अबको यात्रा समाजवादी आन्दोलन भएकाले त्यसका लागि माओवादी पृष्ठभूमि भएका दल एक हुनु आवश्यक रहेको उनको भनाइ छ । प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री तथा नेपाल समाजवादी पार्टी केन्द्रीय सहअध्यक्ष गंगानारायण श्रेष्ठले नेकपा माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीबीच छिट्टै एकता हुने बताए । 'प्रचण्ड र बाबुरामजीले छुट्टै गर्नुभएको प्रयोग सफल देखिएन । अब एक भएर जानुको बिकल्प छैन', उनले भने-त्यसका लागि पार्टी एकताको अन्तिम तयारीमा छौं । जनयुद्धले स्थापित गरेका एजेण्डालाई बलियो बनाउन पनि एकता आवश्यक रहेको उनको भनाइ छ । प्रदेश सरकारले जनपक्षीय कामको सुरूवात गरेको मन्त्री श्रेष्ठले बताए । 'हामी आधार भुत वर्गको पक्षमा काम गर्छौं । सरकार सबैको हो भन्ने अनुभूति दिलाउने गरी काम गर्ने हाम्रो प्रयास हुनेछ । नेसपा अध्यक्षमा भेटवाल डा. बाबुराम भट्टराईले नेतृत्व गरेको नेपाल समाजवादी पार्टी जिल्ला समन्वय समिति गठन गरिएको छ । नेपाल समाजवादी पार्टी मकवानपुर अध्यक्षमा राजकुमार भेटवाल चयन भएका छन् । कार्यक्रममा भेटवालको अध्यक्षतामा ६३ सदस्यीय कार्यसमिति घोषणा गरिएको हो । समिति उपाध्यक्षमा रामचन्द्र थिङ (अविरल), हरिहर खतिवडा, दुर्गाकुमारी रमौली, सहसचिव निखिल पौडेल, कोषाध्यक्ष सुदीप कार्कीलगायत छन् । पार्टी केन्द्रस्य सदस्य तथा मकवानपुर इञ्चार्ज राजेन्द्र सिम्खडाको सभाध्यक्षतामा भएको घोषणासभा पार्टीका गैरभौगलिक समिति इञ्चार्ज सोनामसिं स्यांतान (विजय) को प्रमुख आतिथ्यतामा तथा पार्टी वागमती प्रदेश समिति अध्यक्ष बन्दना सुबेदीको विशेष आतिथ्यता थियो ।

कार्यक्रममा राजनीतिक समिति सदस्य प्रमोद श्रेष्ठ, केन्द्रीय सल्लाहकार समिति सदस्य डीबी थापा, केन्द्रीय सदस्य तुफानविक्रम क्षेत्री, संघीय परिषद् सदस्य इजहार आलमलगायतको आतिथ्यता थियो ।

# हेटौंडामा बाघको आक्रमणपछि समुदाय नै त्रसित

◆ विकास संवाददाता

हेटौंडाको हर्नामाडीमा जंगलमा घाँस काट्न गएकी महिला माथी बाघले २५ माघमा आक्रमण गरेको छ । हेटौंडामा लामो समयदेखि बाघको आतंक मचिदै आएको र बाघले आक्रमण गरेर महिलालाई घाइते बनाएको हो ।

यसअघि बाघले स्थानीय वासिन्दाहरूबो बाख्रा खाएको घटना भएपनि बाघले आक्रमण मानिस माथीनै गर्न थालेको हो । हेटौंडा १८ हर्नामाडीस्थित मानेडाँडा बस्ने अन्दाजी ५६ वर्षकी मैती बयलकोटीलाई बाघले आक्रमण गरेर घाइते बनाएको हो ।

अपरान्ह ४ बजे घाँस काट्न जाँदै गर्दा सुकौरा जाने बाटोमा बाघले बयलकोटीलाई आक्रमण गरेको थियो । उनको गाला, ओठ र ढाडमा चोट लागेको र थप उपचारको लागि हेटौंडा अस्पताल पठाइएको ढुलोदमार प्रहरी चौकीका ईन्चार्ज अर्जुन प्रसाद देवकोटाले जानकारी दिए ।

उनको अवस्था सामान्य छ । घटना भएको स्थल रामधुनीबाट डेढ किलो मिटरमा रहेको छ । मंगलबारदेखि हेटौंडा १८ हर्नामाडीको गुम्बाडाँडामा बाघको आतंक मच्चिएको छ । स्थानीय हरिमाया मोक्तानको २ वटा बाख्रा खाएको बाघले सोही स्थानकै राजु पहेंलीको एउटा बंगुर खाएको र अर्कोलाई घाइते बनाएको छ र एक महिलालाई समेत घाइते बनाएको छ ।

थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

समयमै कर तिरौं ।

- आफूले तिर्नुपर्ने कर समयमै तिरौं ।
- राज्य सञ्चालनमा सहयोग गरौं ।
- नागरिक कर्तव्य पूरा गरौं ।

*जनताबाट उठाइएको कर:*

- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- वैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधैं सरसफाईका सबै व्यवहारहरूको पालना गरौं ।
खोप नि:शुल्क पाइन्छ । खोप सुरक्षित छ । खोपले जीवन रक्षा गर्छ
थाहा नगरपालिका
स्वास्थ्य शाखा

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी